# प्रादेशिक नमूना विद्यालय विकास एवं सञ्चालन निर्देशिका-२०८१

मधेश प्रदेश सरकार

**शिक्षा तथा संस्कृति मन्त्रालय**

जनकपुरधाम, धनुषा ।

## विषय सूची:


| क.सं. | | विषय | पेज नं. |
|---|---|---|---|
| १. | परिच्छेद-१ | संक्षिप्त नाम र प्रारम्भ | |
| २. | परिच्छेद-२ | परिभाषा | १ |
| ३. | परिच्छेद-३ | उद्देश्य | १ |
| ४. | परिच्छेद-४ | प्रादेशिक नमूना विद्यालय सिफारिसका अधार तथा शर्तहरु | २ |
| ५. | परिच्छेद-५ | छनोट प्रक्रिया तथा छनोट भएका विद्यालयहरुले ध्यान दिनुपर्ने प्रक्रियागत कुराहरु | २<br>३ |
| ६. | परिच्छेद-६ | प्रादेशिक नमूना विद्यालयको पूर्वाधार विकास | |
| ७. | परिच्छेद-७ | विद्यालय सञ्चालन तथा व्यवस्थापन | ४ |
| ८. | परिच्छेद-८ | विभिन्न सरोकारवाला निकायहरुको भूमिका | ७ |
| ९. | परिच्छेद-९ | पाठ्यक्रम सम्बन्धी व्यवस्था | ८ |
| १०. | परिच्छेद-१० | जनशक्ति व्यवस्थापन | ११ |
| ११. | परिच्छेद-११ | आर्थिक व्यवस्थापन | ११ |
| १२. | परिच्छेद-१२ | विविध | १२ |
| १३. | अनुसूचीहरू | | १३ |
| १४. | अनुसूची १ (विद्यालय सिफारिस प्रस्ताव पेश गर्ने ढाँचा) | | १४-२४ |
| १५. | अनुसूची २ (प्रादेशिक नमूना माध्यमिक विद्यालय छनोटका लागि दिइने आवेदन) | | १४ |
| १६. | अनुसूची ३ (प्रादेशिक माध्यमिक नमूना विद्यालय छनोटका लागि मूल्याङ्कनका आधार) | | १५<br>१८ |
| १७. | अनुसूची ४ (प्रादेशिक आधारभुत नमूना विद्यालय छनोटका लागि मूल्याङ्कनका आधार) | | २० |
| १८. | अनुसूची ५ (मन्त्रालय र विद्यालयबीचको कार्यसम्पादन सम्झौताको ढाँचा) | | |
| १९. | अनुसूची ६ (विद्यालय विकास प्रस्तावको ढाँचा) | | २२ |
| २०. | अनुसूची ७ (मन्त्रालय र सरकारी तथा गैह्र सरकारी संघ-संस्थाबीचको कार्यसम्पादन सम्झौताको ढाँचा) | | २३<br>२४ |


नि.प्रदेश सचिव

# प्रादेशिक नमूना विद्यालय विकास एवं सञ्चालन निर्देशिका-२०८१

**प्रस्तावना:**

सार्वजनिक विद्यालयमा समान शैक्षिक पहुँच, नवीनतम सूचना प्रविधिको अधिकतम प्रयोगसहित आधुनिक शिक्षण विधिमार्फत शैक्षिक गुणस्तर तथा जवाफदेही व्यवस्थापन सुनिश्चित गरी सुशासनका पक्षहरूलाई प्रभावकारी बनाई प्रवर्तनात्मक अभ्यास मार्फत विद्यार्थीहरूको सिकाइ उपलब्धि उच्च बनाउन विद्यालयको भौतिक तथा शैक्षिक पक्षको विकास गर्दै सार्वजनिक विद्यालयलाई अभिभावक तथा बालबालिकाको पहिलो रोजाइको विद्यालयको रुपमा विकास गर्न तथा विद्यालय शिक्षाको गुणस्तर अभिवृद्धिमा नेतृत्वदायी भूमिका खेल्न सक्ने विद्यालयको आवश्यकता देखिएकाले विद्यालय क्षेत्र विकास योजनाको अवधारणा अनुसार नमूना विद्यालयको छनोट, विकास, सञ्चालन तथा व्यवस्थापनलाई व्यवस्थित गर्न आवश्यक देखिएकाले मधेश प्रदेश सरकारको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा २ को अधिकार प्रयोग गरी मधेश प्रदेश सरकारले यो निर्देशिका जारी गरेको छ ।

## परिच्छेद-१

१. संक्षिप्त नाम र प्रारम्भ:

१. यो निर्देशिकाको नाम "प्रादेशिक नमूना विद्यालय विकास एवम् सञ्चालन निर्देशिका, २०८१" रहेको छ ।

२. यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

३. यो निर्देशिका प्रदेशबाट छनोट भएका नमूना विद्यालयहरूको हकमा मात्र लागु हुनेछ।

## परिच्छेद-२

२.परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो निर्देशिकामा

१. "प्रदेश" भन्नाले मधेश प्रदेश सम्झनुपर्दछ ।

२. "निर्वाचन क्षेत्र" भन्नाले निर्वाचन क्षेत्र निर्धारण ऐन, २०७३ को दफा ४ बमोजिम निर्धारण भई मधेश प्रदेशमा रहेको प्रदेश सभा सदस्य निर्वाचन क्षेत्रलाई सम्झनुपर्दछ ।

३. "मन्त्रालय" भन्नाले शिक्षा तथा संस्कृति मन्त्रालय, मधेश प्रदेश, जनकपुरधाम सम्झनुपर्दछ ।

४. "स्थानीय तह" भन्नाले मधेश प्रदेश अन्तर्गतका स्थानीय तहहरु सम्झनुपर्दछ ।

५. "निर्देशक समिति" दफा ७ को उपदफा १ बमोजिम गठित समिति सम्झनुपर्दछ ।

६. "प्रधानाध्यापक" भन्नाले यस निर्देशिकामा उल्लेख भएअनुसार प्रादेशिक नमुना विद्यालय विकास तथा संचालनका लागि छनौट भएको विद्यालयको प्रधानाध्यापक सम्झनुपर्दछ ।

७. "प्रादेशिक नमूना विद्यालय" भन्नाले यो निर्देशिका बमोजिम छनोट भएका विद्यालय सम्झनुपर्दछ ।

८. "कार्यसम्पादन करार" भन्नाले नमूना विद्यालयका लागि छनोट भएका विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षबीच भएको विद्यालय सुधार र व्यवस्थापन सम्बन्धी सम्झौतालाई सम्झनुपर्दछ । साथै यसले प्रधानाध्यापक र शिक्षकबीचको सम्झौतालाई समेत जनाउनेछ ।

मधेश प्रदेश जनकपुर

## परिच्छेद-३

३. उद्देश्यः यो निर्देशिका जारी गर्नुका उद्देश्यहरू देहायबमोजिम रहेका छन् :

१. नमूना विद्यालयको छनोट, विकास, सञ्चलन तथा व्यवस्थापनका लागि मार्गदर्शन गर्नु,
२. गुणस्तरीय तथा समतामूलक शिक्षामा बालबालिकाहरूको सहज पहुँचको आधार तयार गर्नु,
३. गुणस्तरीय शिक्षाका लागि विद्यालयहरू बीच प्रतिस्पर्धात्मक वातावरण सिर्जना गर्नु,
४. विद्यालयहरूको सक्षमतामा सुधार गरी रूपान्तरणको गतिलाई तीव्रता प्रदान गर्नु,
५. प्रविधिको अधिकतम उपयोग गरी विद्यालयको शैक्षिक गुणस्तर र प्रविधिमैत्री सुशासन कायम गर्नु,
६. हरियाली, स्वच्छ, जलवायु उत्थानशील, बालमैत्री तथा सिकाई अनुकूल वातावरण सिर्जना गर्नु,

## परिच्छेद-४

४. प्रादेशिक नमूना विद्यालय सिफारिसका आधार तथा शर्तहरु

१. प्रादेशिक नमूना विद्यालय सिफारिसका आधार तथा शर्तहरूः

क) माध्यमिक विद्यालय हुनुपर्नेः माध्यमिक तह (कम्तिमा कक्षा १० सम्म) सञ्चालन भएका सार्वजनिक माध्यमिक विद्यालय हुनुपर्नेछ।

ख) पर्याप्त जग्गा भएको हुनुपर्नेः नमूना विद्यालयका रुपमा विकास गर्न प्रचलित मापदण्ड बमोजिमको भौतिक र शैक्षिक पूर्वाधार निर्माणका लागि विद्यालय हातामा न्यूनतम २ बिघा जग्गा हुनुपर्नेछ । विद्यालयको हातासँग जोडिएको जग्गा बाहेक अन्य जग्गाको हकमा बढीमा ५०० मिटर सम्मको दूरीको जग्गालाई पनि मूल्याङ्कनमा कायम गरिनेछ ।

ग) विद्यालय सुरक्षित स्थानमा रहेको हुनुपर्नेः विद्यालयको भौगोलिक अवस्थिति बाढी, पहिरो, भूक्षय लगायत प्राकृतिक प्रकोपका दृष्टिले जोखिमपूर्ण स्थानमा नरहेको हुनुपर्नेछ।

घ) लिखित प्रतिवद्धता पेस गर्नुपर्नेः मन्त्रालयबाट समय-समयमा प्राप्त हुने मार्गदर्शन अनुरुप कार्य गर्न विद्यालय व्यवस्थापन समितिको प्रतिबद्धता सहितको निर्णय पेस भएको हुनुपर्नेछ ।

ङ) विद्यार्थी सङ्ख्याः नमूना विद्यालयका लागि छनोट हुने विद्यालयमा शिक्षा नियमावलीले तोके बमोजिमको कक्षागत न्यूनतम विद्यार्थी सङ्ख्याको कुल योग पुगेको हुनुपर्नेछ।

च) विद्यालय व्यवस्थापन समिति गठन भई क्रियाशिल रहेको ।

छ) विद्यालयले सामाजिक परीक्षण र लेखा परीक्षण बार्षिक रुपमा तोकिएकै समयमा सम्पन्न गरेको हुनुपर्नेछ ।

ज) तोकिएको समयमा विद्यालयले एकीकृत शैक्षिक सूचना प्रणाली (EMIS) मा तथ्यांक प्रविष्ट गरेको हुनुपर्नेछ ।

झ) संघीय सरकार र स्थानीय तहको नमूना विद्यालय विकास कार्यक्रममा छनोट नभएको हुनुपर्ने।

ञ) विद्यालयको परिसरभित्र ७०% जग्गा खाली भएको हुनुपर्ने ।

प्रदेश सचिव

२. सिफारिस प्रक्रिया

क) मन्त्रालयले नमूना विद्यालय विकास एवं सञ्चालनको लागि प्रादेशिक निर्वाचन क्षेत्रका निर्वाचित सभा सदस्यहरुलाई आ-आफ्ना क्षेत्रका विद्यालयहरुमध्ये यस कार्यका लागि विद्यालय सिफारिस गर्नको लागि न्यूनतम आधार तथा शर्तहरु सहितको पत्राचार गर्नुपर्नेछ ।

ख) मधेश प्रदेशका सबै प्रदेश सभा सदस्य निर्वाचन क्षेत्रबाट निर्वाचित सभा सदस्यहरुले आफू निर्वाचित भएको निर्वाचन क्षेत्रका विद्यालयहरुमध्ये दफा ४ को उपदफा १ मा उल्लेखित शर्तहरुको अधिनमा रही नमूना विद्यालय विकास एव सञ्चालनका लागि अनुसूची १ को ढाँचामा २-२ वटा विद्यालय सिफारिसको प्रस्ताव पत्राचार गरिएको मितिबाट ७ दिनभित्र मन्त्रालयमा पठाईसक्नुपर्नेछ ।

ग) सिफारिस गरिएका विद्यालयहरुलाई मन्त्रालयले अनुसुची २ बमोजिम आवश्यक कागजातहरुसहित १५ दिनभित्र आवेदन पेश गर्न पत्राचार गर्नुपर्नेछ ।

घ) मन्त्रालयले यस निर्देशिकाको दफा ४ को उपदफा २ (ग) मा माग गरिए अनुसार आवेदन पेश हुन आएका विद्यालयहरुको स्थलगत निरीक्षण गर्ने-गराउनेछ । स्थलगत निरीक्षण गर्ने क्रममा नमुना विद्यालय विकास तथा संचालनको लागि राखिएको न्यूनतम आधार तथा शर्तहरु पूरा नभएको पाईएमा सिफारिसको प्रस्ताव गरिएका विद्यालयहरुलाई छनोटको प्रक्रियामा समावेश गरिने छैन् तथा सोको जिम्मेवार सम्बन्धित प्रस्तावक प्रदेश सभा सदस्य नै हुनेछ ।

ङ) अन्यत्र जुनसुकै कुरा लेखिए तापनि यदि कुनै प्रदेश सभा सदस्यले आफ्ना निर्वाचन क्षेत्रबाट आधारभुत विद्यालय सिफारिस गरेको छ भने त्यस्ता विद्यालयहरुलाई पनि छनौट प्रक्रियामा समावेश गरिनेछ ।

च) तोकिएको समय सीमाभित्र सम्बन्धित प्रदेश सभा सदस्यबाट विद्यालय सिफारिस भई नआएमा त्यस्तो प्रादेशिक निर्वाचन क्षेत्रको विद्यालयलाई प्रादेशिक नमूना विद्यालयको रुपमा छनोट गर्न बाध्य हुनेछैन् ।

## परिच्छेद-५

## ५. छनोट प्रक्रिया तथा छनोट भएका विद्यालयहरुले ध्यान दिनुपर्ने प्रक्रियागत कुराहरु

१. छनोट प्रक्रिया

क) प्रादेशिक नमूना विद्यालय विकास एंव सञ्चालनका लागि मधेश प्रदेशका प्रत्यक्ष निर्वाचित प्रदेश सभा सदस्यहरुबाट आफू निर्वाचित निर्वाचन क्षेत्रका विद्यालयहरुमध्ये सिफारिस भई आएका दुई-दुई विद्यालयहरुमध्ये दफा ७ को उपदफा १ अन्तर्गतको प्रादेशिक नमूना विद्यालय विकास निर्देशक समितिले माध्यमिक विद्यालयको हकमा अनुसूची ३ अनुसारका सूचकको आधारमा र आधारभूत विद्यालयको हकमा अनुसूची ४ अनुसारका सूचकको आधारमा प्रादेशिक निर्वाचन क्षेत्रबाट एक-एक वटा विद्यालय छनोट गरी स्वीकृति दिनेछ।

ख) चालु आर्थिक वर्षमा संघीय निर्वाचन क्षेत्र अन्तर्गतको एक प्रादेशिक निर्वाचन क्षेत्रमा कार्यक्रम सञ्चालन गर्ने र बाँकी प्रादेशिक निर्वाचन क्षेत्रमा क्रमिक रुपमा आगामी आर्थिक वर्षहरुमा कार्यक्रम संचालन गर्दै लगिनेछ ।

२. छनोट भएका विद्यालयहरूले ध्यान दिनुपर्ने प्रक्रियागत कुराहरू

क) परिच्छेद ६ मा व्यवस्था भए बमोजिम नमूना विद्यालय विकासका लागि छनोट भएमा छनोट भएका विद्यालयहरुले शैक्षिक तथा भौतिक पूर्वाधार विकासका लागि छ महिनाभित्रमा गुरुयोजना बनाउनुपर्नेछ ।

ख) यस निर्देशिका तथा गुरुयोजनाका आधारमा विद्यालयलाई क्रमशः नमूना विद्यालयको रुपमा विकास गरिनेछ ।

## परिच्छेद-६

## ६. प्रादेशिक नमूना विद्यालयको पूर्वाधार विकास

### १. प्रादेशिक नमूना विद्यालयका लागि आवश्यक शैक्षिक पूर्वाधार

क) विद्यालय सञ्चालनका लागि आवश्यक पर्ने सबै तह र विषयका तथा विशेष आवश्यकता भएका बालबालिकाका लागि समेत तालिम प्राप्त शिक्षकहरूको व्यवस्था गरिनेछ ।

ख) शिक्षण सिकाइ प्रकृया अपनाउँदा आधुनिक शिक्षण विधि र प्रविधि सहितको शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरिनेछ ।

ग) विशेष आवश्यकता भएका बालबालिकाहरूलाई समेत मध्यनजर गरी शिक्षण सिकाइका लागि आवश्यक पर्ने उपयुक्त र पर्याप्त सिकाइ सामग्रीको व्यवस्था गरिनेछ ।

घ) माध्यमिक तहमा विज्ञान र सूचना प्रविधि विषयका लागि पर्याप्त सामग्री सहितको प्रयोगशालाको व्यवस्था गरिनेछ ।

ङ) सबै छनोट भएका प्रादेशिक नमूना विद्यालयलाई कक्षा १२ सम्म विस्तार गरी कक्षा ११ र १२ मा विज्ञान र सूचना प्रविधि विषय सञ्चालन गर्न लगाइनेछ ।

च) आधारभूत तहका विद्यार्थीहरूका लागि पूर्वव्यावसायिक सीपका अवसरहरू उपलब्ध गराईनेछ।

छ) विद्यालय शिक्षाका लागि राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ (दोस्रो संस्करण, २०७९) अनुसारको स्थानीय पाठ्यक्रम विद्यालयले कार्यान्वयनमा ल्याउनुपर्नेछ ।

ज) विद्यालयले सिकाइ, व्यवस्थापन तथा प्रवर्तनात्मक कार्यहरूको अनुभव आदान-प्रदान गर्न आफ्नो सेवा क्षेत्र भित्रका अन्य विद्यालयहरूबीच सञ्जाल निर्माण गर्नुपर्नेछ, साथै अन्य नमूना विद्यालयहरू बीच समेत सञ्जाल निर्माण गर्न सक्नेछ ।

झ) विद्यालयले प्रत्येक वर्ष विद्यार्थी, शिक्षक तथा अभिभावक सहितको शैक्षिक अध्ययन र अवलोकन भ्रमण गराउनुपर्नेछ ।

ञ) शिक्षण सिकाइमा सूचना प्रविधिको अधिकतम प्रयोग गर्नुपर्नेछ । गणित, विज्ञान जस्ता विषयमा सूचना तथा प्रविधिमा आधारित अनलाइन, अफलाइन, विद्युतीय सिकाइ स्रोत सामग्रीहरूको प्रबन्ध गरिनेछ ।

ट) विद्यालयको आफ्नो अध्यावधिक वेभसाइट र विद्युतीय सामाजिक सञ्जाल हुनेछ । विद्यालयका सम्पूर्ण गतिविधि वेभसाइट तथा यस्ता सञ्जाल मार्फत सार्वजनिक गर्नुपर्नेछ ।

ठ) शिक्षण सिकाइ क्रियाकलापका लागि पर्याप्त सिकाइ सामग्रीको व्यवस्था भएको हुनुपर्नेछ ।

ड) विद्यालयले निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कन पद्धतिलाई प्रभावकारी रुपमा लागू गर्नुपर्नेछ ।

## २. प्रादेशिक नमूना विद्यालयका लागि आवश्यक भौतिक पूर्वाधार

प्रादेशिक नमूना विद्यालयको लागि आवश्यक भौतिक पूर्वाधारहरू पूरा गर्दा पाठ्यक्रम, प्रचलित नियम तथा मापदण्ड अनुसार गर्नुपर्नेछ। प्रचलित ऐन, नियमावली, निर्देशिका, राष्ट्रिय भवन आचार संहिता (Nepal Building Code), विद्यार्थीको आवश्यकता, विद्यार्थी संख्या, जनसंख्या, हावापानी, भुगोल विद्यालयमा निर्माण हुने भौतिक पूर्वाधारहरुको विद्यार्थी सङ्ख्याको आधारमा शैक्षिक तथा प्रशासनिक लगायतका अन्य प्रयोजनका लागि प्रयोग गर्न सकिने व्यवस्था देहाय बमोजिम हुनेछ ।

क) **सुरक्षित घेरावारः** सुरक्षित घेरावारसहितको विद्यालय परिसर, शिक्षक, विद्यालय कर्मचारी, छात्र र छात्राको लागि छुट्टाछुट्टै प्रविधिमैत्री ई हाजिरीको व्यवस्था भएको प्रवेश एवं बाहिरीद्वार निर्माण गरिनेछ । सुशासन प्रर्वद्धनको लागि सम्पूर्ण तथ्याङ्क मन्त्रालयको सूचना आवद्ध गरिनेछ ।

ख) **बालमैत्री भौतिक पूर्वाधारः** प्रारम्भिक बालविकासका लागि बालविकास केन्द्र स्थापना गरिने, उक्त केन्द्रमा राष्ट्रिय मापदण्ड बमोजिम बालबालिकामैत्री शैक्षिक एवं भौतिक पूर्वाधार निर्माण गरिनेछ ।

ग) **शिक्षण भवन तथा कक्षाकोठाः** पूर्वाधार न्यूनतम, खानेपानी, वातावरणमैत्री, बालमैत्री, सेनिटरी प्याड विसर्जन, पानी सहितको शौचालय, विद्युतीकरण, पर्याप्त प्रकाश भएको कक्षाकोठा (प्राकृतिक तथा कृत्रिम), शान्त, सफा, बालमैत्री, अपाङ्गमैत्री, विपद् प्रतिरोधात्मक साथै तोकिएको मापदण्ड अनुसार कक्षाकोठाको सङ्ख्या, आधुनिक शिक्षण पद्धति अनुसार शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न सकिने गरी कक्षाकोठा व्यवस्थित गरिनेछ । प्रारम्भिक बालशिक्षा कक्षाका लागि बालमैत्री राष्ट्रिय प्रारुप बमोजिमका पर्याप्त खेल तथा सिकाइ सामग्री सहितको छुट्टै कोठाको व्यवस्था हुनेछ ।

घ) **प्रशासनिक भवनः** प्रधानाध्यापक, शिक्षक कक्ष, भण्डार तथा शैक्षिक कोठा, स्वास्थ्य कक्ष, लेखा, प्रशासनिक लगायत अन्य प्रयोजनका लागि छुट्टै प्रशासकीय भवन तथा ब्लकको व्यवस्था हुनेछ ।

ङ) **पुस्तकालयः** सबै विषय क्षेत्र समेटिएका पुस्तकालय र विद्युतीय पुस्तकालयको व्यवस्था हुनेछ । पुस्तकालयमा Language Kit को समेत व्यवस्था हुनेछ ।

च) **प्रयोगशालाः** विज्ञान विषय अन्तर्गत भौतिक विज्ञान, रसायन विज्ञान, जीव विज्ञान तथा प्राविधिक धार तर्फका विषय क्षेत्रअनुसार सबै विद्यार्थीहरुको सहज पहुँच हुनेगरी छुट्टाछुट्टै प्रयोगशालाको व्यवस्था हुनेछ । सूचना तथा सञ्चार प्रयोगशालामा नेटवर्किङ्गको व्यवस्थासहित प्रोजेक्टर, कम्प्युटर लगायतका उपकरणहरुका व्यवस्था गरिनेछन् ।

छ) **प्राथमिक उपचार तथा परामर्श कक्षः** विद्यार्थीहरुको प्राथमिक उपचारका लागि आवश्यक स्वास्थ्य सामग्रीसहितको छुट्टै प्राथमिक उपचार कक्षको व्यवस्था गरिनेछ ।स्वास्थ्य सेवा उपलब्ध गराउन एकजना स्वास्थ्य सहायकको व्यवस्था गरिनेछ । विद्यालयस्तरमा प्राथमिक स्वास्थ्य सेवाका बारेमा अभिभावक तथा विद्यार्थीहरूलाई निरोधात्मक, उपचारात्मक एवम् सचेतनामूलक स्वास्थ्य सेवा उपलब्ध गराईनेछ । विद्यार्थीको आवश्यकतानुसार ह्वील चेयर र स्ट्रेचर, प्राथमिक उपचार बाक्स आदिको समेत व्यवस्था गरिनेछ । साथै विद्यार्थीहरूको लागि शैक्षिक परामर्श तथा मनोसामाजिक परामर्शका लागि परामर्श कक्षको व्यवस्था गरिनेछ । परामर्शका लागि विद्यालयका शिक्षकहरूको क्षमता विकास गरिनेछ।

ज) **व्यावसायिक कार्यशाला कक्षः** विद्यालयको आवश्यकता अनुसार विद्यार्थीहरुलाई विद्यालय तहदेखि नै व्यावसायिक सीपतर्फ उन्मुख गराउनका लागि स्थानीय सम्भाव्यतामा आधारित विभिन्न पूर्वव्यावसायिक क्रियाकलापहरु सञ्चालन गरिनेछ । यसका लागि एक छुट्टै कार्यशाला कक्षको व्यवस्था गरिनेछ ।

झ) **खानेपानी सरसफाइ तथा स्वच्छताः** विद्यालयमा सबै विद्यार्थी तथा शिक्षकहरूका लागि सुरक्षित भण्डारण सहितको पर्याप्त तथा स्वच्छ पानीको व्यवस्था गरिनेछ ।

ञ) **चमेना गृहः** विद्यालयको हाताभित्र एक पटकमा एक सय जना विद्यार्थीले प्रयोग गर्न सक्ने चमेना गृहको व्यवस्था गरिनेछ ।

ट) **घेरावार तथा बगैंचाः** विद्यालयको हातामा सुरक्षित, बालमैत्री र वातावरणमैत्री घेरावार हुनेछ ।विद्यालयको घेरावार हरित विद्यालयको अवधारणा प्रवर्द्धन गर्ने हुनुपर्नेछ। साथै विद्यालय हातामा करेसावारी तथा फुलबारी सहितको बगैंचा हुनेछ । विद्यालयको हाताको कुल क्षेत्रफलको कम्तिमा बीस प्रतिशत क्षेत्र हरियाली क्षेत्र हुनेछ।

ठ) **खेलमैदानः** भलिवल, टेवलटेनिस र सम्पूर्ण विद्यार्थीहरुलाई एकै पटक भेला गर्न पुग्ने तथा सम्भव भएसम्म फुटवल लगायतका अन्य खेलहरु खेल्नका लागि उपयुक्त खेलमैदान हुनेछ ।

ड) **वैकल्पिक विद्युतीय व्यवस्थाः** विद्यालयमा सम्पूर्ण विद्युतीय उपकरण निरन्तर सञ्चालनका लागि आवश्यक वैकल्पिक उर्जा प्रणालीको व्यवस्था गरिनेछ ।

### ३. प्रादेशिक नमूना विद्यालयको लागि आवश्यक सुशासनका पक्षहरूः

क) विद्यालयले विद्यालयको विकास तथा व्यवस्थापनका लागि गुरुयोजना तयार गर्नुपर्नेछ।

ख) विद्यालयले विद्यालयको कक्षाकोठा, प्रयोगशाला, पुस्तकालय लगायत विद्यालय हातामा हुने सबै गतिविधिहरूको अनुगमन गर्न सकिने गरी सिसिटिभिको व्यवस्था गर्नुपर्नेछ।

ग) विद्यालयले शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट स्वीकृत साधनका आधारमा वार्षिक कार्यसम्पादन अवस्थाको स्वःमूल्याङ्कन गरी अभिभावक भेलामार्फत सार्वजनिक गर्नुपर्नेछ।

घ) विद्यालयले सामाजिक परीक्षण तथा लेखा परीक्षण गराउनुपर्नेछ ।

ङ) विद्यालयले प्रत्येक त्रैमासिक परीक्षाको सिकाइ उपलब्धीको विवरण शिक्षक अभिभावक बैठक गरी वितरण गर्नुपर्नेछ र सिकाइ उपलब्धी सुधारका लागि परामर्श दिनुपर्नेछ ।

च) प्रधानाध्यापकको क्षमता विकास गरिनेछ । सहायक प्रधानाध्यापक तथा आवश्यकता अनुसार विषय प्रमुखको व्यवस्था प्रधानाध्यापकले तोकेअनुसार हुनेछ ।

छ) विद्यालयमा बाल क्लब, स्काउट जुनियर रेडक्रस सर्कल गठन गर्नुपर्नेछ।

ज) विद्यालयले विपद् व्यवस्थापन योजना बनाई सोको कार्यान्वयन गर्नुपर्नेछ।

झ) विद्यालयले विद्यालयका सबै गतिविधिहरूमा अभिभावकहरूको पहुँच, सहभागीता, पारदर्शिता, जवाफदेहिताको सुनिश्चितता गर्नुपर्नेछ ।

## परिच्छेद-७

### ७. विद्यालय सञ्चालन तथा व्यवस्थापन

**१. प्रादेशिक नमूना विद्यालय विकासका लागि नीतिगत व्यवस्था, विद्यालय छनोट तथा स्वीकृति, समन्वय तथा सहजीकरण, निर्देशन र अनुगमनका लागि देहाय बमोजिमको प्रादेशिक नमूना विद्यालय विकास निर्देशक समिति रहनेछ :**

| | |
|---|---|
| क) मन्त्री, शिक्षा तथा संस्कृति मन्त्रालय | -अध्यक्ष |
| ख) सचिव, शिक्षा तथा संस्कृति मन्त्रालय | -सदस्य |
| ग) निर्देशक, शिक्षा विकास निर्देशनालय | -सदस्य |
| घ) तालिम प्रमुख, शिक्षा तालिम केन्द्र | -सदस्य |
| ङ) प्रतिनिधि (अधिकृत), मुख्यमन्त्री तथा मन्त्री परिषद्को कार्यालय | -सदस्य |
| च) प्रतिनिधी (अधिकृत), अर्थ मन्त्रालय | -सदस्य |
| छ) उप-सचिव/शाखा अधिकृत, शिक्षा तथा संस्कृति मन्त्रालय | -सदस्य सचिव |

निर्देशक समितिको बैठकमा सम्बन्धित विषयका विज्ञ एवम् प्राविधिक काम हेर्ने व्यक्तिहरूलाई आमन्त्रण गर्न सकिनेछ ।

**२. प्रादेशिक नमूना विद्यालय विकास निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः**

क) प्रादेशिक नमूना विद्यालय छनोट, बिकास, सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आवश्यक मार्गदर्शन गर्ने।

ख) प्रादेशिक नमूना विद्यालयको विकासका लागि बिभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय सरकारी एवम् गैरसरकारी संस्थाहरूसँग समन्वय गर्ने।

ग) प्रादेशिक नमूना विद्यालय विकास एंव सञ्चालनका लागि प्रादेशिक निर्वाचन क्षेत्रबाट एक-एक वटा विद्यालय छनोट गर्ने र स्वीकृति दिने।

घ) प्रादेशिक नमूना विद्यालयको सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउन स्थानीय तहमा रहेका सम्बन्धित समितिहरू र अन्य सरोकारवाला निकायहरूलाई आवश्यक निर्देशन दिने ।

ङ) प्रादेशिक नमूना विद्यालयहरूको नियमित अनुगमन तथा निरीक्षण गरी, गराई आवश्यक निर्देशन दिने।

च) प्रादेशिक नमूना विद्यालय सञ्चालनको सम्बन्धमा कुनै पनि किसिमको बाधा अवरोध उत्पन्न भएमा त्यसको निराकरण गर्ने ।

छ) प्रादेशिक नमूना विद्यालयहरुले तयार पारेको गुरुयोजना स्वीकृत गर्ने, परिमार्जन गराउने तथा कार्यान्वयन गराउने ।

३. खरिद इकाइ सम्बन्धी व्यवस्था

विद्यालयलाई आवश्यक पर्ने सामग्री खरिदका लागि सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमाबली, २०६४ एंव आर्थिक प्रशासन सम्बन्धी प्रचलित कानून बमोजिम खरिद इकाइ गठन गरी खरिद सम्बन्धी कार्य गर्नुपर्नेछ।

४. शिक्षक अभिभावक संघ

नमूना विद्यालयमा प्रचलित कानूनमा उल्लेख भए बमोजिम शिक्षक अभिभावक संघ रहनेछ।

५. विद्यार्थी भर्नाका आधार

विद्यार्थी भर्नाका लागि देहायको आधार लिईनेछः

क) विद्यालयको सेवा क्षेत्र भित्रका प्रारम्भिक बाल विकास उमेर समुहको बालबालिकाका हकमा १५ मिनेटको पैदल दुरीसम्मका,

ख) आधारभूत तहका उमेर समुहका बालबालिका ३० मिनेटको पैदल दुरीसम्मका,

ग) माध्यमिक तहका उमेर समुहका बालबालिका ६० मिनेटको पैदल दुरीसम्मका,

माथि उल्लेख भए अनुसारका बालबालिकाहरूलाई अनिवार्य रुपमा भर्ना गर्नुपर्नेछ । विद्यालयको क्षमता अनुसार थप विद्यार्थी भर्ना गरी संचालन गर्न सकिनेछ ।

## परिच्छेद-८

८. विभिन्न सरोकारवाला निकायहरुको भूमिका

१. शिक्षा तथा संस्कृति मन्त्रालय, मधेश प्रदेशको भूमिका

क) विद्यालयहरूलाई आवश्यक सूचना प्रवाह एंव पृष्ठपोषण दिने।

ख) मधेश प्रदेशका प्रादेशिक प्रत्यक्ष निर्वाचित सभा सदस्यहरुलाई सूचना प्रवाह गर्ने, उहाँहरुबाट आएको सिफारिस पत्रहरुको संकलन गर्ने ।

ग) विद्यालयहरुको निवेदन तथा कागजातहरु संकलन गर्ने।

घ) नमूना विद्यालयहरूको समय-समयमा अनुगमन गर्ने/गराउने ।

ङ) प्रादेशिक नमूना विद्यालय सञ्चालन तथा व्यवस्थापनका लागि निश्चित मापदण्ड बमोजिम आवश्यक पर्ने भौतिक तथा शैक्षिक पूर्वाधार विकासका लागि आर्थिक स्रोतको व्यवस्था गर्ने ।

च) निर्देशक समितिबाट छनोट भएका विद्यालयको जानकारी मन्त्रालयले सम्बन्धित विद्यालयलाई दिने।

छ) प्रादेशिक नमूना विद्यालय विकास तथा सञ्चालन सम्बन्धमा विद्यालयसँग अनुसूची ५ बमोजिम कार्यसम्पादन सम्झौता गर्ने ।

ज) प्रादेशिक नमूना विद्यालय विकास तथा सञ्चालनको लागि छनोट भएका विद्यालयहरुको DPR गराउने ।तर चालु आ.व. ०८१/०८२ मा दफा ५ को उपदफा १ (ख) अनुसार ३२ वटा विद्यालयमा गर्ने र आगामी आ.व.हरुमा क्रमिक रुपमा गर्दैजाने ।

झ) यस निर्देशिकामा लेखिएका विषयमा कुनै द्विविधा उत्पन्न भएमा मन्त्रालयको निर्णय अन्तिम हुनेछ ।

## २. शिक्षा विकास निर्देशनालयको भूमिका

क) प्रादेशिक नमूना विद्यालय छनोट प्रक्रियामा सहयोग गर्ने ।

ख) विभिन्न किसिमका शिक्षासँग सम्बन्धित कार्यक्रमहरु सञ्चालन गर्ने ।

ग) मन्त्रालयको निर्देशन अनुसार अन्य कार्य गर्ने ।

## ३. शिक्षा तालिम केन्द्रको भूमिका

क) प्रादेशिक नमूना विद्यालय छनोट प्रक्रियामा सहयोग गर्ने ।

ख) प्रादेशिक नमूना विद्यालयको रुपमा छनोट भएका विद्यालयहरुका शिक्षक तथा कर्मचारीहरुको क्षमता विकासका लागि विभिन्न किसिमको छोटो अवधिको र पेशागत तालिम सञ्चालन गर्ने ।

ग) मन्त्रालयको निर्देशन अनुसार अन्य कार्य गर्ने ।

## ४. स्थानीय तहको भूमिका

स्थानीय तह क्षेत्रभित्र सञ्चालन हुने नमूना विद्यालयको व्यवस्थापन, रेखदेख र सञ्चालन गर्न स्थानीय तहको भूमिका देहाय बमोजिम हुनेछ :

क) शैक्षिक सुशासन कायम गर्ने ।

ख) प्रादेशिक नमूना विद्यालयको शैक्षिक योजना सम्बन्धी अभिलेख अध्यावधिक गराउने तथा त्यस्तो योजनाको अनुगमन गरी सुझाव दिने ।

ग) विद्यालय व्यवस्थापन समितिलाई स्थानीय स्रोत साधनको पहिचान र परिचालनमा सहयोग पुर्‍याउने ।

घ) आफ्नो क्षेत्रभित्र सञ्चालित प्रादेशिक नमूना विद्यालय व्यवस्थापन समितिको कार्यमा समन्वय गर्ने र शिक्षाको गुणात्मक विकासका लागि विद्यालयको सुपरिवेक्षण, अनुगमन गरी प्रधानाध्यापक, शिक्षक र व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने।

ङ) आफ्नो क्षेत्रभित्र सञ्चालित अन्य सार्वजनिक विद्यालयहरूलाई नमूना विद्यालयका रुपमा विकास गर्न अभिप्रेरित गर्ने।

च) गुरुयोजना कार्यान्वयन गराउने।

छ) विद्यालयस्तरीय अन्तर खेलकुद तथा अतिरिक्त शैक्षिक कृयाकलापको सञ्चालन गराउने र सोका लागि विद्यालयहरूलाई प्रोत्साहन गर्ने।

ज) स्थानीय तहले विद्यालयको स्वीकृत गुरुयोजनाको परिधिभित्र रही संघीय वा प्रदेश सरकारले उपलब्ध गराएको अनुदानमा स्थानीय सरकारको स्रोत समेत समावेश गरी शैक्षिक र भौतिक पूर्वाधार विकास गर्न-गराउन सक्नेछ ।

## ५. विद्यालय व्यवस्थापन समितिको भुमिका

प्रादेशिक नमूना विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रचलित कानूनमा भएको व्यवस्था बमोजिमकै विद्यालय व्यवस्थापन समिति रहनेछ। समितिको काम, कर्तव्य र प्रचलित कानूनमा तोकिएको अतिरिक्त देहाय बमोजिम हुनेछः

क) शैक्षिक सुशासन कायम गर्ने-गराउने,

ख) विद्यालय विकासका लागि गुरुयोजना तयार गरी स्वीकृतीका लागि मन्त्रालयमा पेस गर्ने र स्वीकृत गुरूयोजनाको कार्यान्वयन गर्ने-गराउने,

ग) विद्यालयमा रिक्त रहेको शिक्षक दरवन्दीमा नियुक्ति गर्दा विद्यार्थी सङ्ख्याको आधारमा विषयगत रुपमा शिक्षक व्यवस्थापन गर्ने-गराउने,

घ) आफ्नो विद्यालयको वार्षिक रुपमा स्वमूल्याङ्कन गरी विद्यालय सुधार योजना अद्यावधिक गर्ने-गराउने,

ङ) विद्यार्थी सिकाइका लागि आवश्यक प्रयोगात्मक स्रोत साधनको व्यवस्था गर्ने-गराउने,

च) विद्यालय विकास तथा शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विभिन्न उपसमिति बनाई जिम्मेवारी बाँडफाँड गर्ने-गराउने,

छ) आवश्यकता अनुसार विद्यार्थी आवासको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्ने-गराउने,

ज) विद्यालयभित्र विद्यालय स्वास्थ्य कार्यक्रम र प्राथमिक उपचारको व्यवस्था गर्ने-गराउने,

झ) वार्षिक रुपमा सामाजिक परीक्षण गर्ने-गराउने,

ञ) भर्ना भएका बालबालिकालाई टिकाई राख्ने वातावरण सृजना गर्ने-गराउने,

ट) विद्यालयमा प्राप्त हुने आवासीय छात्रवृत्ति, विपन्न लक्षित छात्रवृत्ति लगायतका विभिन्न छात्रवृत्ति वितरण गर्ने-गराउने ।

## ६. प्रधानाध्यापकको काम, कर्तव्य र अधिकारः

प्रचलित कानूनमा तोकिएको काम, कर्तव्य र अधिकारका अतिरिक्त देहायका काम, कर्तव्य र अधिकार हुनेछन् :

क) सुशासन कायम गर्ने,

ख) विद्यालय सुधार योजना र वार्षिक बजेट तथा कार्यक्रम तयार गरी विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गराई कार्यान्वयन गर्ने,

ग) सम्भावित जोखिमहरूको पहिचान गरी न्यूनीकरणका लागि क्रियाशील रहने,

घ) विद्यालयको समग्र पक्षको अनुगमन योजना बनाई नियमित अनुगमन गर्ने गराउने,

ङ) विद्यालयका शिक्षक तथा कर्मचारीहरूको सक्षमता अभिवृद्धिका लागि नेतृत्वदायी भूमिका निर्वाह गर्ने,

च) विद्यालयका शिक्षक तथा कर्मचारीहरूसँग प्रधानाध्यापकले कार्यसम्पादन सम्झौता गरी सोको कार्यान्वयन गर्ने,

छ) विद्यालयका लागि खरिद योजना निर्माण गरी कार्यान्वयन गर्ने-गराउने,

ज) अनुसुची ६ बमोजिम विद्यालय विकास प्रस्तावको ढाँचा बनाई कार्यान्वय गर्ने-गराउने,

झ) प्रचलित कानूनमा भएका प्रावधानहरूको कार्यान्वयनको सुनिश्चितता गर्ने,

## परिच्छेद-९

### ९. पाठ्यक्रम सम्बन्धी व्यवस्था

नमूना विद्यालयको पाठ्यक्रम सम्बन्धी व्यवस्था देहायबमोजिम हुनेछः

१. नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक प्रयोग गर्नुपर्नेछ ।

२. राष्ट्रिय पाठ्यक्रम प्रारुपमा व्यवस्था भएका बहु विषय अध्ययनका लागि आवश्यक व्यवस्था मिलाई विज्ञान विषय समूह, प्राविधिक तथा व्यावसायिक विषय समूह र भाषा विषय समूह लगायतका विषय समूहबाट छनोटको अवसर प्रदान गर्नुपर्नेछ।

## परिच्छेद-१०

### १०. जनशक्ति व्यवस्थापन

१. शिक्षक तथा कर्मचारी व्यवस्था

विद्यालयको आवश्यकतानुसार देहाय बमोजिमका शिक्षक तथा कर्मचारीको व्यवस्था विद्यालयले गर्नेछ :

क) विषयगत शिक्षक,

ख) पुस्तकालय, विद्युतीय पुस्तकालय, कम्प्युटर ल्याबका लागि कर्मचारी,

ग) सूचना प्रविधि (ICT) शिक्षक,

घ) कला तथा संगीत शिक्षक,

ङ) खेलकुद शिक्षक,

च) प्रारम्भिक बालविकास सहजकर्ता/शिक्षक,

छ) विद्यालय नर्स,

ज) मनोसामाजिक परामर्शकर्ता,

झ) सुरक्षा गार्ड ।

२. शिक्षकसँग कार्यसम्पादन करार

प्रधानाध्यापकले सिकाइ उपलब्धी वृद्धिका लागि प्रक्षेपण सहितको नतिजा खाकाका आधारमा शिक्षकसँग कार्यसम्पादन सम्झौता गर्नुपर्नेछ । यसलाई शिक्षकको कार्यसम्पादन मूल्याङ्कन तथा प्रोत्साहनको आधार बनाइनेछ ।

सचिव

३. क्षमता विकास सम्बन्धी व्यवस्था

प्रधानाध्यापक तथा शिक्षकहरूलाई पेशागत विकासका लागि तालिम लगायत विभिन्न कार्यक्रमहरू सञ्चालन गरी नमूना विद्यालय व्यवस्थापन, सञ्चालन तथा गुणस्तर अभिवृद्धि गर्न क्षमता विकास गरिनेछ । क्षमता विकास गर्नुपूर्व आवश्यकताको विश्लेषण गरी तालिम प्याकेज विकास गरिनेछ । साथै असल अभ्यास भएका विद्यालयहरूको अनुभव आदान प्रदान गर्न अन्तर विद्यालय अवलोकन भ्रमण समेत गराउन सकिनेछ ।

४. विद्यालय उपलब्धी मापन

क) प्रादेशिक नमूना विद्यालयको लागि छनोट भएको विद्यालयमा शैक्षिक गुणस्तर परीक्षण केन्द्र वा स्थानीय तहको शिक्षा महाशाखा/शाखाबाट कार्य सम्पादन परीक्षण र विद्यार्थी सिकाइ उपलब्धि परीक्षण गरी आधार रेखा तयार गरिनेछ,

ख) उक्त आधार रेखाका लागि शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट विकास भएको परीक्षण साधन प्रयोग गरिनेछ,

ग) हरेक ३/३ वर्षमा शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट विद्यालयको कार्य सम्पादन परीक्षण तथा विद्यार्थी सिकाइ उपलब्धिको राष्ट्रिय स्तरमा मापन गरिनेछ,

घ) शैक्षिक गुणस्तर परीक्षण केन्द्रबाट विकास भएको परीक्षण साधन प्रयोग गरी विद्यालयले प्रत्येक वर्ष कार्यसम्पादनको स्व:मूल्याङ्कन गरी सार्वजनिक गर्नुपर्नेछ र सोको जानकारी मन्त्रालय तथा शैक्षिक गुणस्तर परीक्षण केन्द्रलाई समेत दिनुपर्नेछ ।

## परिच्छेद-११

११. आर्थिक व्यवस्थापन

१. कोष सञ्चालन व्यवस्था

प्रचलित शिक्षा ऐन तथा नियमावलीमा भएको व्यवस्था अनुसारको विद्यालय कोष हुनेछ । नमूना विद्यालय सञ्चालनका लागि प्राप्त हुने सबै प्रकारका रकम उक्त कोषमा जम्मा हुनेछ । विद्यालयलाई प्राप्त हुने सशर्त अनुदानहरू तोकिएको शीर्षकमा तथा निशर्त अनुदानहरू विद्यालयले कार्यविधि बनाई विद्यालय व्यवस्थापन समितिको निर्णयअनुसार खर्च गर्नुपर्नेछ । कोषको सञ्चालन प्रधानाध्यापक तथा विद्यालयको लेखा हेर्ने कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ । कोषको लेखापरीक्षण प्रचलित कानूनमा व्यवस्था भएअनुसार हुनेछ ।

२. विद्यालय कोषमा देहाय बमोजिमका रकमहरू जम्मा हुनेछ :

क) संघबाट प्रदान गरिने अनुदान,

ख) प्रदेशबाट प्रदान गरिने अनुदान:- प्रादेशिक नमूना विद्यालय विकासका लागि मन्त्रालयले विभिन्न शीर्षकमा विद्यालयलाई अनुदान उपलब्ध गराउन सक्नेछ।

ग) स्थानीय तहबाट प्रदान गरिने अनुदान,

प्रदेश सचिव

घ) विद्यालयको आफ्नो आन्तरिक स्रोतबाट प्राप्त हुने रकम,

ङ) स्थानीय तहबाट प्राप्त हुने अनुदान,

च) कुनै व्यक्ति/ संस्थाबाट दान-दातव्य, चन्दा, उपहारको रुपमा प्राप्त हुने रकम,

छ) अन्य स्रोत (विकास साझेदार संस्था/ट्रष्ट तथा सामाजिक क्षेत्रमा काम गर्ने व्यक्ति/संस्था) बाट प्राप्त हुने रकम,

## परिच्छेद-१२

१२. विविध

१. विद्यालयले आवश्यकतानुसार आर्थिक व्यवस्थापन, शिक्षक तथा शैक्षिक क्रियाकलाप व्यवस्थापन लगायतका विषयमा विद्यालय व्यवस्थापन समितिबाट निर्णय गराई कार्यान्वयन गर्नुपर्नेछ ।

२. विभागीय तथा मन्त्रालयबाट हुनसक्ने कार्यवाही

प्रचलित शिक्षा ऐन तथा नियमावली र यस निर्देशिकामा उल्लेख भए अनुसारको व्यवस्था विद्यालयले पालना नगरेमा सम्बन्धित पदाधिकारीलाई विभागीय कार्वाही तथा त्यस्ता नमूना विद्यालय सञ्चालनको लागि गरिएको सम्झौता मन्त्रालयबाट रद्द गरिनेछ ।

३. प्रादेशिक नमूना विद्यालय विकास तथा सञ्चालनमा सहयोग लिन सक्ने

प्रादेशिक नमूना विद्यालय विकासका लागी छनोट भएका विद्यालयहरुको सूचीबाट यस निर्देशिकाको अधिनमा रही सरकारी तथा गैह्रसरकारी संघ- संस्थाले यस प्रदेश अन्तर्गतका कुनै जिल्ला वा निर्वाचन क्षेत्रमा प्रादेशिक नमूना विद्यालय विकास तथा सञ्चालनमा सहयोग/लगानी गर्न चाहेमा मन्त्रालयमा निवेदन पेश गर्नुपर्नेछ, यसरी निवेदन पेश गरेका सरकारी तथा गैह्रसरकी संघ-संस्थाले अनुसूची ७ बमोजिम मन्त्रालयसँग सम्झौता गरी मन्त्रालयको निर्देशनमा कार्य गर्न सक्नेछ ।

४. खारेजी र बचाउः प्रदेश सरकारले जुनसुकै वेला यो निर्देशिका संशोधन तथा खारेजी गर्न सक्नेछ ।

नि.प्रदेश सचिव

# अनुसूची - १

(दफा ४ को उपदफा २(ख) संग सम्बन्धित)

एक निर्वाचन क्षेत्र एक प्रादेशिक नमूना विद्यालय विकास एवं सञ्चालनको लागि

**विद्यालय सिफारिस प्रस्ताव पेस गर्ने ढाँचा**

प्रदेश सभा सदस्यको नाम: सम्पर्क नं.:

जिल्ला: निर्वाचन क्षेत्र:

| प्रस्तावित विद्यालयको प्राथमिकता क्र.सं. | प्रस्तावित विद्यालयको नाम | विद्यालयको ठेगाना | विद्यालयको Email ID | विद्यालयको प्रधानाध्यापकको नाम | प्रधानाध्यापकको सम्पर्क नं. |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |

.............................................

प्रस्तावक प्रदेश सभा सदस्यको दस्तखत

नि.प्रदेश सचिव

<table>
<tr><td></td><td>हुने विषयहरू</td><td>ङ) प्राविधिक विषय धार समुहः.........<br>च).............</td></tr>
<tr><td>२.</td><td>विद्यालय सँग भएको जग्गा</td><td>क) .............विगहा<br>ख) ..............रोपनी</td></tr>
<tr><td>३.</td><td>विद्यार्थी सङ्ख्या</td><td>क) पूर्व प्राथमिक कक्षाको विद्यार्थी सङ्ख्या..<br>ख) आधारभूत तह कक्षा १-८ को विद्यार्थी सङ्ख्या<br>ग) माध्यमिक तह कक्षा ९-१० को विद्यार्थी सङ्ख्या....<br>घ) माध्यमिक तह कक्षा ११-१२ को विद्यार्थी सङ्ख्या....</td></tr>
<tr><td>४.</td><td>विगत तीन वर्षको SEE को नतिजा (पुरक परीक्षा सहित)</td><td>
<table>
<tr><td>विवरण</td><td>शैक्षिक वर्ष..</td><td>शैक्षिक वर्ष..</td><td>शैक्षिक वर्ष..</td></tr>
<tr><td>सम्मिलित संङ्ख्या</td><td></td><td></td><td></td></tr>
<tr><td>उत्तीर्ण /GPA, 1.6 भन्दा बढी सङ्ख्या</td><td></td><td></td><td></td></tr>
</table>
नोटः SEE परीक्षाका विद्यार्थीको उत्तीर्ण प्रतिशत गणना गर्दा GPA १.६ र सो भन्दा माथि GPA प्राप्त गर्ने विद्यार्थीहरूको प्रतिशतलाई आधार मान्ने।</td></tr>
<tr><td>५.</td><td>विद्युत र इन्टरनेटको पहुँच</td><td>क. विद्यालयमा राष्ट्रिय वा स्थानीय प्रशारणबाट विद्युत<br>आपूर्ति व्यवस्था भएको, नभएको.........<br>बैकल्पिक उर्जाको व्यवस्था भएको, नभएको......<br>ख. विद्यालयमा इन्टरनेट पहुंच भएको, नभएको</td></tr>
<tr><td>६.</td><td>विद्यालयको अवस्थिति</td><td>क. विद्यालय हातासम्म बाह्रै महिना सवारी साधन पुग्नसक्ने वा नसक्ने ....<br>ख. कच्ची वा पक्कि मोटर बाटो..............<br>ग. सवारी साधन पुग्ने स्थानबाट विद्यालय सम्मको दुरी........</td></tr>
<tr><td colspan="3">आधारभुत तहको हकमा</td></tr>
<tr><td>७.</td><td>आधारभुत तहमा विषयगत शिक्षकको दरवन्दीको अवस्था</td><td>क) अंग्रेजी मूल विषय लिई प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको शिक्षक संख्या..............<br>ख) विज्ञान वा गणित मूल विषय लिई प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको शिक्षक संख्या..............<br>ग) नेपाली वा संस्कृत मूल विषय लिई प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको शिक्षक संख्या..............</td></tr>
</table>

## अनुसूची-२

(दफा ४को उपदफा २ (ग) संग सम्बन्धित)

## प्रादेशिक नमूना विद्यालय छनोटका लागि दिइने आवेदन

श्री शिक्षा तथा संस्कृति मन्त्रालय,

मधेश प्रदेश, जनकपुरधाम।

विषय : प्रादेशिक नमूना विद्यालय छनोट सम्वन्धमा ।

प्रस्तुत विषयमा निर्वाचन क्षेत्र नं..... को प्रदेश सांसदको मिति...........गतेको सिफारिस अनुसार शैक्षिक सत्र.........देखि .......... विद्यालयले प्रादेशिक नमूना विद्यालय विकास एवं सञ्चालन निर्देशिका २०८१ मा तोकिएका न्युनतम सर्तहरू पुरा गरेको हुनाले नमूना विद्यालयको रुपमा छनोट हुन देहायअनुसारका विवरणसहित निवेदन पेश गरिएको छ :

तपशिल

विद्यालयको विवरण

१. विद्यालयको नाम :

२. ठेगाना :

..................गा.पा./न.पा./उप.म.न.पा./म.न.पा. वडानं...............गाउँ/टोल.........................

फोन नं........................फ्याक्सनं................इमेल..................वेभ साइट..................।

३. विद्यालयको किसिम :

१) सार्वजनिकः२) सार्वजनिक गुठिः

३) सञ्चालित कक्षा :

४) विद्यालयको विवरण :

| क्र. सं. | सूचक | विवरण |
|---|---|---|
| १. | माध्यमिक तह ९-१२ मा पढाइ | क) विज्ञान विषय समुह :..............<br>ख) वाणिज्य विषय समुहः.............<br>ग) मानविकी विषय समुहः.................<br>घ) शिक्षा विषय समुहः............ |

<table>
<tr><td></td><td></td><td>घ) सामाजिक विषय अध्यापन गर्नको लागि प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको शिक्षक संख्या..............<br>ङ) एस.एल.सी. वा सो सरह उत्तीर्ण गरेको शिक्षक संख्या..............<br>च) जम्मा शिक्षक संख्या..............<br>छ) जम्मा महिला शिक्षक संख्या..............</td></tr>
<tr><td>८</td><td>विगत तीन वर्षको कक्षा ८ को नतिजा</td><td><table><tr><td>विवरण</td><td>शैक्षिक वर्ष..</td><td>शैक्षिक वर्ष..</td><td>शैक्षिक वर्ष..</td></tr><tr><td>कक्षा ८ को परीक्षामा सम्मिलित विद्यार्थी संङ्ख्या</td><td></td><td></td><td></td></tr><tr><td>उत्तीर्ण /GPA, 1.6 भन्दा बढी सङ्ख्या</td><td></td><td></td><td></td></tr></table>नोटः कक्षा ८ को परीक्षाका विद्यार्थीको उत्तीर्ण प्रतिशत गणना गर्दा GPA १.६ र सो भन्दा माथि GPA प्राप्त गर्ने विद्यार्थीहरूको प्रतिशतलाई आधार मान्ने।</td></tr>
<tr><td></td><td></td><td></td></tr>
</table>

क. संलग्न गर्नु पर्ने कागजातहरू

१. विद्यालयको नाममा भएको जग्गा धनी प्रमाणपत्र वा सम्बन्धित निकायले दिएको भोगाधिकार पत्रको प्रमाणित प्रतिलिपि,

२. विद्यालय अनुमति/स्वीकृती/सम्बन्धन पत्रको प्रमाणित प्रतिलिपि,

३. विद्यालय व्यवस्थापन समितिको प्रतिवद्धता सहितको निर्णयको प्रमाणित प्रतिलिपि,

४. विद्यालय व्यवस्थापन समिति गठन सम्बन्धी बैठक पुस्तिकाको प्रमाणित प्रतिलिपि,

५. गत आर्थिक वर्षको लेखापरीक्षण र सामाजिक परीक्षण प्रतिवेदनको प्रमाणित प्रतिलिपि,

६. अद्यावधिक विद्यालय सुधार योजनाको प्रमाणित प्रतिलिपि,

७. चालु शैक्षिक सत्रमा भरेको शैक्षिक तथ्याङ्कको प्रमाणित प्रतिलिपि,

८. विपद जोखिम नभएको व्यहोरा खुलेको जिल्ला प्राकृतिक प्रकोप उद्धार समितिको सिफारिस पत्र,

९. अन्य आवश्यक कागजातहरू ।

सचिव

## अनुसूची-३

### प्रादेशिक माध्यमिक नमूना विद्यालय छनोटका लागि मूल्याङ्कनका आधार

(दफा ५को उपदफा १(क) संग सम्बन्धित)

| क.सं | सूचक | अङ्क भार | अङ्क गणना विधि |
|---|---|---|---|
| १. | माध्यमिक तह ११ र १२ मा पढाइ हुने विषयहरू | २० | क) विज्ञान विषय समुहको एकधार मात्र पढाइ हुने भएमा -१० अङ्क दिने<br>ख) विज्ञान विषय समुह बाहेक अन्य कुनै एक विषय समुह (जस्तैः वाणिज्य विषय समुह, शिक्षा विषय समुह) को पढाइ हुने भएमा -१० अङ्क दिने<br>ग) विज्ञान विषय समुह र अर्को कुनै एक विषय समुहगरी दुई विषय समुहको पढाइ हुने भएमा -२०अङ्क दिने । |
| २. | विद्यालयसँग भएको जग्गाको पर्याप्तता | २० | क) माथि परिच्छेद ४ को ४.१ (ख) बमोजिम तोकिएको निर्माणका लागि चाहिने न्यूनतम जग्गाको लागि -५ अङ्क,<br>ख) न्यूनतम भन्दा ५० प्रतिशतसम्म बढी भएमा -१० अङ्क दिने,<br>ग) न्यूनतम क्षेत्रफलमा ५० प्रतिशत भन्दा माथि १०० प्रतिशतसम्म बढी भएमा -१५ अङ्क दिने<br>घ) न्यूनतम क्षेत्रफलमा १०० प्रतिशत भन्दा बढी भएमा -२० अङ्क दिने। |
| ३. | कक्षागत औषत विद्यार्थी संख्या | १५ | क) आधारभूत तह कक्षा १-८, माध्यमिक तह कक्षा ९-१० र माध्यमिक तह कक्षा ११-१२ को कक्षागत औषत विद्यार्थी संख्या अलग-अलग गणना गर्ने,<br>ख) आधारभूत तह कक्षा १-८ का लागि अधिकतम ५ अङ्क, माध्यमिक तह कक्षा ९-१० का लागि अधिकतम ५ अङ्क र माध्यमिक तह कक्षा ११-१२ का लागि अधिकतम ५ अङ्क दिने ।<br>ग) आधारभूत तह कक्षा १-८ को कक्षागत औषत विद्यार्थी संख्या ५०सम्म भएमा ३ अङ्क दिने,<br>घ) आधारभूत तह कक्षा १-८ को कक्षागत औषत विद्यार्थी संख्या ५०भन्दा बढी भएमा २ अङ्क दिने,<br>ङ) माध्यमिक तह कक्षा ९-१० को कक्षागत औषत विद्यार्थी संख्या ५०सम्म भएमा ३ अङ्क दिने,<br>च) माध्यमिक तह कक्षा ९-१० को कक्षागत औषत विद्यार्थी संख्या ५०भन्दा बढी भएमा २ अङ्क दिने, |

| | | | |
|---|---|---|---|
| | | | छ) माध्यमिक तह कक्षा ११-१२ को कक्षागत औषत विद्यार्थी संख्या ५० सम्म भएमा ३ अङ्क दिने,<br>ज) माध्यमिक तह कक्षा ११-१२ को कक्षागत औषत विद्यार्थी संख्या ५० भन्दा बढी भएमा २ अङ्क दिने, |
| ४. | SEE को नतिजा | १५ | क) नतिजाको गणना गर्दा नियमित र मौका परीक्षा समेतमा उत्तीर्ण हुनेलाई आधार मानेर गर्ने,<br>ख) विद्यालयले पछिल्ला तीन वर्षको औसतमा वार्षिक ४० जना विद्यार्थी सहभागी गराएको हुनुपर्नेछ,<br>ग) यस खण्डको अङ्क गणना गर्न ३ वर्षको उत्तीर्ण प्रतिशतलाई देहायको सूत्र प्रयोग गरी औसत निकाल्ने,<br>(१५x पहिलो वर्षको SEE को उत्तीर्ण %+ १५ x दोस्रो वर्षको SEE को उत्तीर्ण %+ १५ x तेस्रो वर्षको SEE को उत्तीर्ण%) भाग ३ = हुन आउने अङ्क ।<br>नोटः SEE परीक्षाका विद्यार्थीको उत्तीर्ण प्रतिशत गणना गर्दा GPA १.६ र सोभन्दा माथि GPA प्राप्त गर्ने विद्यार्थीहरूको प्रतिशतलाई आधार मान्ने। |
| ५. | स्थानीय समुदायमा विद्युत र इन्टरनेटको पहुँच भएको | १० | क) विद्यालय रहेको स्थानीय समुदायमा राष्ट्रिय प्रसारणबाट वा स्थानीय प्रसारणबाट विद्युत आपूर्तिको व्यवस्था भएको वा विद्यालयमा वैकल्पिक उर्जाको प्रबन्ध भएमा ५ अङ्क दिने<br>ख) विद्यालय रहेको स्थानीय तहमा इन्टरनेट सञ्जालको पहुँच पुगेको भएमा ५ अङ्क दिने |
| ६ | विद्यालयको अवस्थिति | १५ | क) नगरउन्मुख वा सहरीकरण भईरहेको नगरपालिकामा विद्यालय अवस्थित रहेको भएमा -१० अङ्क दिने,<br>(ख) गाउँपालिका भित्रका अधिकांश सरोकारवालाहरूको पायक पर्ने स्थानमा विद्यालयको अवस्थिति भएमा -१५ अङ्क दिने, |
| ७ | अनुसूची २ अनुसारको संलग्न गर्नुपर्ने कागजात समावेश गरे वापत | ५ | (क) प्रत्येक कागजात बराबर ०.५ अङ्क दिने<br>(ख) अधिकतम ५ अङ्कसम्म मात्र दिन सक्ने । |
| जम्मा | | १०० | |

## अनुसूची-४

## प्रादेशिक आधारभुत नमूना विद्यालय छनोटका लागि मूल्याङ्कनका आधार

(दफा ५को उपदफा १(क) संग सम्बन्धित)

| क्र.सं | सूचक | अङ्क भार | अङ्क गणना विधि |
|---|---|---|---|
| १. | आधारभुत तहमा विषयगत शिक्षकको दरबन्दीको अवस्था | २० | क) शिक्षकको दरबन्दी परिपूर्ति ५० प्रतिशत सम्म भएको छ भने -५ अङ्क दिने,<br>ख) शिक्षकको दरबन्दी परिपूर्ति ५० प्रतिशत भन्दा माथि भएको छ भने -१० अङ्क दिने,<br>ग) विषयगत शिक्षकको परिपूर्ति भएको छ भने परिपूर्तिको आधारमा बढीमा -५ अङ्क दिने,<br>घ) महिला शिक्षिका कम्तिमा १ जना भए -३ अङ्क र २ जना भए -५ अङ्क दिने, |
| २. | विद्यालयसँग भएको जग्गाको पर्याप्तता | २० | क) माथि परिच्छेद ४ को ४.१ (ख) बमोजिम तोकिएको निर्माणका लागि चाहिने न्यूनतम जग्गाको लागि -५ अङ्क,<br>ख) न्यूनतमभन्दा ५० प्रतिशतसम्म बढी भएमा -१० अङ्क दिने,<br>ग) न्यूनतम क्षेत्रफलमा ५० प्रतिशत भन्दा माथि १०० प्रतिशतसम्म बढी भएमा -१५ अङ्क दिने<br>घ) न्यूनतम क्षेत्रफलमा १०० प्रतिशत भन्दा बढी भएमा -२० अङ्क दिने। |
| ३. | कक्षागत औषत विद्यार्थी संख्या | १५ | क) आधारभूत तह कक्षा १-८ को कक्षागत औषत विद्यार्थी संख्या ५० सम्म भएमा १० अङ्क दिने,<br>ख) आधारभूत तह कक्षा १-८ को कक्षागत औषत विद्यार्थी संख्या ५० भन्दा बढी भएमा १५ अङ्क दिने, |
| ४. | कक्षा ८ को नतिजा | १५ | क) कक्षा ८ को परीक्षामा विद्यालयले पछिल्ला तीन वर्षको औसतमा वार्षिक ४० जना विद्यार्थी सहभागी गराएको हुनुपर्नेछ,<br>ङ) यस खण्डको अङ्क गणना गर्न ३ वर्षको उत्तीर्ण प्रतिशतलाई देहायको सूत्र प्रयोग गरी औसत निकाल्ने,<br>(१५x पहिलो वर्षको कक्षा ८ को उत्तीर्ण %+ १५ x दोस्रो वर्षको कक्षा ८ को उत्तीर्ण %+ १५ x तेस्रो वर्षको कक्षा ८ को उत्तीर्ण%) भाग ३ = हुन आउने अङ्क ।<br>नोटः कक्षा ८ को परीक्षाका विद्यार्थीको उत्तीर्ण प्रतिशत गणना गर्दा GPA १.६ र सोभन्दा माथि GPA प्राप्त गर्ने विद्यार्थीहरूको प्रतिशतलाई आधार मान्ने। |

| | | | |
|---|---|---|---|
| ५. | स्थानीय समुदायमा विद्युत र इन्टरनेटको पहुँच भएको | १० | क) विद्यालय रहेको स्थानीय समुदायमा राष्ट्रिय प्रसारणबाट वा स्थानीय प्रसारणबाट विद्युत आपूर्तिको व्यवस्था भएको वा विद्यालयमा वैकल्पिक उर्जाको प्रबन्ध भएमा ५ अङ्क दिने<br>ख) विद्यालय रहेको स्थानीय तहमा इन्टरनेट सञ्जालको पहुँच पुगेको भएमा ५ अङ्क दिने |
| ६ | विद्यालयको अवस्थिति | १५ | क) नगरउन्मुख वा सहरीकरण भईरहेको नगरपालिकामा विद्यालय अवस्थित रहेको भएमा -१० अङ्क दिने,<br>(ख) गाउँपालिका भित्रका अधिकांश सरोकारवालाहरूको पायक पर्ने स्थानमा विद्यालयको अवस्थिति भएमा -१५ अङ्क दिने, |
| ७ | अनुसूची २ अनुसारको संलग्न गर्नुपर्ने कागजात समावेश गरे बापत | ५ | (क) प्रत्येक कागजात बराबर ०.५ अङ्क दिने<br>(ख) अधिकतम ५ अङ्कसम्म मात्र दिन सक्ने । |
| जम्मा | | १०० | |

## अनुसूची-५

(दफा ८ को उपदफा १(छ) संग सम्बन्धित)

## मन्त्रालय र विद्यालयबीचको कार्यसम्पादन सम्झौताको ढाँचा

मिति:

विषय: कार्यसम्पादन सम्झौता सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा प्रादेशिक नमूना विद्यालय विकास एवं सञ्चालन निर्देशिका-२०८१ अनुसार प्रादेशिक नमूना विद्यालय विकास निर्देशक समितिको मिति ........................ गतेको निर्णय अनुसार श्री ............................ विद्यालय प्रादेशिक नमूना विद्यालयको रुपमा छनोट भएको हुँदा यसै निर्देशिका भित्र रहेर कार्यसम्पादन गर्नका लागि शिक्षा तथा संस्कृति मन्त्रालय, मधेश प्रदेश, जनकपुरधाम(पहिलो पक्ष) र छनोट भएका विद्यालय............................(दोस्रो पक्ष) बीच तपसील बमोजिम कार्यसम्पादन सम्झौता गरी १-१ प्रति दियौं लियौं ।

तपसील:

१) प्रादेशिक नमूना विद्यालय विकास एवं सञ्चालन निर्देशिका-२०८१ भित्र रहेर विद्यालयले कार्यसम्पादन गर्ने ।

२) प्रादेशिक नमूना विद्यालय विकास एवं सञ्चालन निर्देशिका-२०८१ भन्दा बाहिरको व्यवस्थाको हकमा प्रचलित नेपाल सरकार तथा मधेश प्रदेश सरकारको कानुन अनुसार कार्यसम्पादन गर्नुपर्ने ।

३) मन्त्रालयले दिइएको निर्देशन पालना गर्ने ।

४) प्रादेशिक नमूना विद्यालय विकास एवं सञ्चालन निर्देशिका-२०८१ तथा प्रचलित ऐन अनुसार विद्यालयले कार्यसम्पादन नगरेको कुरा मन्त्रालयलाई महशुस भएमा जुनसुकै बेला यो सम्झौतालाई मन्त्रालयले रद्द गर्न सकिने।

| पहिलो पक्ष: | दोस्रो पक्ष: |
|---|---|
| हस्ताक्षर: | हस्ताक्षर: |
| नामथर: | नामथर: |
| पद: प्रदेश सचिव | पद: प्रधानाध्यापक |
| शिक्षा तथा संस्कृति मन्त्रालय | विद्यालयको नाम: |
| मधेश प्रदेश, जनकपुरधाम | विद्यालयको ठेगाना: |
| सम्पर्क नं.: | सम्पर्क नं.: |

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मधेश प्रदेश जनकपुरधाम

## अनुसूची-६

(दफा ८ को उपदफा ६(ज) संग सम्बन्धित)

### विद्यालय विकास प्रस्तावको ढाँचा

१. परिचय,

२. दूरदृष्टी, लक्ष्य, उदेश्य,

३. विद्यालयको विद्यमान अवस्था,

निम्न सुचनामा आधारित भई विश्लेषण गर्ने :

क) सेवाक्षेत्रको जनसङ्ख्या

ख) विद्यालयको भौतिक अवस्था

ग) विद्यालयको शैक्षिक अवस्था

घ) विद्यालय समुदायको सम्बन्ध

ङ) विद्यालयको आर्थिक अवस्था

४. प्रस्तावित योजना (रणनीतिक तथा कार्यनीति सहित)

क) शैक्षिक

ख) भौतिक

ग) आर्थिक

घ) व्यवस्थापकीय

५. वार्षिक कार्यान्वयन कार्ययोजना

क) आर्थिक व्ययभार पर्ने र नपर्ने क्रियाकलापहरू समावेश गरी कार्ययोजना प्रस्तुत गर्नुपर्नेछ ।

६ संस्थागत क्षमता विकास

क) जनशक्ति विकास

ख) भौतिक संरचना विकास

सचिव

## अनुसूची-७

(दफा १२ को उपदफा ३ संग सम्बन्धित)

### मन्त्रालय र सरकारी तथा गैह्रसरकारी संघ-संस्थाबीचको कार्यसम्पादन सम्झौताको ढाँचा

मिति:

विषय: कार्यसम्पादन सम्झौता सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा प्रादेशिक नमूना विद्यालय विकास एवं सञ्चालन निर्देशिका-२०८१ को आधारमा छनोट भएका विद्यालयहरुमा यसै निर्देशिकाको दफा १२ को उपदफा ३ अनुसार नमूना विद्यालय विकास एवं सञ्चालनमा सहयोग लिन सक्ने प्रावधान अनुसार कार्यसम्पादन गर्नका लागि शिक्षा तथा संस्कृति मन्त्रालय, मधेश प्रदेश, जनकपुरधाम (पहिलो पक्ष) र सहयोग गर्ने सरकारी तथा गैह्रसरकारी संघ-संस्था ..................(दोस्रो पक्ष) बीच तपसील बमोजिम कार्यसम्पादन सम्झौता गरी १-१ प्रति दियौं लियौं ।

<u>तपसील:</u>

१) सरकारी तथा गैह्रसरकारी संघ- संस्थाले सहयोग गर्न चाहेको विद्यालयहरुको विवरण:

क) जिल्ला............................निर्वाचन क्षेत्र नं. ........................... विद्यालयको नाम: ..........................

ख) जिल्ला............................निर्वाचन क्षेत्र नं. ........................... विद्यालयको नाम: ..........................

........................................................

२) सहयोग गर्न चाहेको जम्मा विद्यालय संख्या :

३) सरकारी तथा गैह्रसरकारी संघ- संस्थाले प्रादेशिक नमूना विद्यालय विकास एवं सञ्चालन निर्देशिका-२०८१ को आधारमा कार्यसम्पादन गर्नुपर्ने ।

४) मन्त्रालयको निर्देशन तथा मन्त्रालयसँग समन्वय गरी कार्यसम्पादन गर्नुपर्ने ।

| पहिलो पक्ष: | दोस्रो पक्ष: |
|---|---|
| हस्ताक्षर: | हस्ताक्षर: |
| नामथर: | नामथर: |
| पद: प्रदेश सचिव | पद: |
| शिक्षा तथा संस्कृति मन्त्रालय | संघ-संस्थाको नाम: |
| मधेश प्रदेश, जनकपुरधाम | संघ-संस्थाको ठेगाना: |
| सम्पर्क नं. : | सम्पर्क नं. : |
| Email ID : | Email ID : |